नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

## प्रेस विज्ञप्ति

मितिः २०८१/०६/१७

आज मिति २०८१ असोज १७ गते तदनुसार अक्टुवर ३, २०२४ मा ४० मेगावाट विद्युत नेपालबाट भारतीय ग्रिड मार्फत बंगलादेश निर्यात गर्ने गरी नेपालका तर्फबाट नेपाल विद्युत प्राधिकरण, बंगलादेशका तर्फबाट बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतका तर्फबाट एनटिपिसि विद्युत व्यापार निगम बीच काठमाडौंमा त्रिपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ। नेपालले उत्पादन गरेको विद्युत भारतको प्रशारण संरचनाबाट बंगलादेश पुग्ने भएकोले हालसम्म दुई देशहरुबीचमा मात्र सम्बन्धित रहेको विद्युत व्यापारले उपक्षेत्रीय तहसम्म विस्तारित हुन पाउने परिपेक्ष्यमा यो सम्झौता महत्वपुर्ण रहेको छ । सम्झौतामा नेपालका तर्फबाट नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक श्री कुलमान घिसिङ, बंगलादेशका तर्फबाट बंगलादेश पावर डेभलपमेन्ट बोर्डका अध्यक्ष श्री रेजौल करिम र भारतका तर्फबाट एनटिपिसि विद्युत व्यापार निगमका प्रमुख कार्यकारी अधिकृत श्रीमती रेणु नारंगले हस्ताक्षर गरेका छन् । ६.४ अमेरिकी सेन्ट प्रति युनिटका दर रहेको यो सम्झौता नेपालले डलरमा विद्युत विक्री गर्न लागेको पहिलो सम्झौता हो। सम्झौता पश्चात ४० मेगावाट प्रशारणका लागि ढल्केवर-मुज्ज़फ़रपूर ४०० के.भी. अन्तरदेशीय प्रशारण लाईन, भारतीय ग्रिड र बहरामपुर (भारत)- भेरामारा (बंगलादेश) अन्तरदेशीय प्रशारण लाईन प्रयोग हुनेछ। सम्झौता लगतै ४० मेगावाट बरावरको विद्युत उत्पादन गर्ने दुई जलविद्युत आयोजनाहरु भारत सरकारको स्वीकृतिको लागि प्रस्ताव गरिनेछ। सम्झौता पश्चात भारतीय ग्रिड प्रयोग गरे बापत बंगलादेशले भारतलाई त्यहाँको नियामक निकायले तोकेबमोजिमको प्रसारण शुल्क र प्रशारण प्रणालीमा हुने चुहावट बापत रकम तिर्नुपर्ने हुन्छ भने भारतीय विद्युत व्यापार कम्पनी एनभिभिएनलाई ट्रेड मार्जिनका रूपमा प्रति युनिट ५.९५ भारतीय पैसा बंगलादेशले तिर्नुपर्नेछ।

आजको त्रिपक्षीय विद्युत विक्री सम्झौताको हस्ताक्षर कार्यक्रमलाई उच्च महत्व दिंदै कार्यक्रममा बंगलादेश सरकारको पर्यावरण, वन, जलवायू परिवर्तन र जलस्रोत मन्त्रालयका सल्लाहकार माननीय सेदा रिजवाना हसन, बंगलादेश जलस्रोत सचिव श्री नाजमुल अह्सन, नेपालका लागि भारतका महामहिम राजदूत श्री नवीन श्रीवास्तव, नेपालका लागि बंगलादेशका महामहिम राजदूत श्री सल्लाहुदीन नोमन चौधरी, विकास साझेदारका प्रतिनिधिहरु, नेपाल सरकार तथा बंगलादेश सरकारका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो। यो सम्झौता नेपाल र बंगलादेशबीच विद्युत व्यापारको ढोका खोलेको छ भने नेपाल, बंगलादेश र भारतीय त्रिपक्षीय सहकार्यको दिशामा हामीलाई उन्मुख गराएको छ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री माननीय श्री दिपक खडकाको आयोजनामा उक्त कार्यक्रम काठमाडौंको याक एण्ड यती होटेलमा सम्पन्न भएको थियो।

चिरञ्जीवी चटौत
सहचिव एवम् प्रवक्ता